## जाजरकोट जिल्लामा पहिरोको कारण २ परिवार विस्थापित ।

मिति २०७४।०३।२४ गते राती ००३५ बजेको समयमा जिल्ला जाजरकोट त्रिवेणी नलगाड नगरपालिका १२ स्थित काठेपानीको खहरे खोलाले ऐ ऐ बस्ने हरि बहादुर बोहराको ५ रोपनी खेत बगाई क्षति पुर्याएको । साथै निजको घरमा समेत पानी पसि घर नजिकैबाट पहिरो जाँदा घर जोखिम अवस्थामा रहेको र परिवार नजिकै रहेको ओडारमा गई बसेको । ऐ. ऐ. बस्ने जित बहादुर नेपालीको घर समेत जोखिममा रहेकाले उनको परिवार पनि सोहि ओडारमा गएर आश्रय लिएको । ऐ. ऐ. १३ खातीगुप्ता भन्ने स्थानमा पहिरो आई मंगललाल घिमिरे लगायत २४ घरधुरीको अन्दाजी ३४ रोपनी जग्गामा लगाएको मकै बाली पहिरोले बगाएको । मानवीय तथा चौपायको क्षति नभएको ।

मितिः २०७४।०३।२५

(REOC, Surkhet)